आज मिति २०७५।०९।०८ गते आइतवार दिनको १३।०० बजे जिल्ला धनुषा, कमला नगरपालिकाको नगर प्रमुख श्री राम उदगार गोइतज्यूको अध्यक्षतामा यस नगरकार्यपालिकाको कार्यालयमा बसेको बैठकमा तपसीलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा तपसीलका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

**तपसील**

१. श्री राम उदगार गोइत – अध्यक्ष उपस्थिति

२. श्री शिला देवी मण्डल – सदस्य उपस्थिति

३. श्री राज कुमार यादव – सदस्य उपस्थिति

४. श्री धनेश्वर यादव – सदस्य उपस्थिति

५. श्री विशेश्वर यादव – सदस्य उपस्थिति

६. श्री पल्टु कवारी – सदस्य उपस्थिति

७. श्री शिवा पासवान – सदस्य उपस्थिति

८. श्री समसुल मियाँ मोमिन – सदस्य उपस्थिति

९. श्री तपेश्वर यादव – सदस्य उपस्थिति

१०. श्री राजेश्वर यादव – सदस्य उपस्थिति

११. श्री धर्मनाथ मण्डल – सदस्य उपस्थिति

१२. श्री हेम कुमारी – सदस्य उपस्थिति

१३. श्री राजो देवी दास – सदस्य

१४. श्री प्रमिला देवी मुखिया – सदस्य उपस्थिति

१५. श्री शोभा देवी महरा – सदस्य उपस्थिति

१६. श्री लिला देवी साह – सदस्य

१७. श्री परिक्षर पासमान – सदस्य उपस्थिति

१८. श्री जिवछ नोनिया – सदस्य उपस्थिति

१९. श्री विनोद राम – सदस्य उपस्थिति

२०. श्री उमेश कुमार यादव – सचिव उपस्थिति

<u>प्रस्तावहरु</u>

१. गत आ.ब. ०७४/७५ र चालु आ.ब. ०७५/७६ को २०७५ मंसीर मसान्तसम्मको खर्च विवरण सम्बन्धमा ।

२. खाता सञ्चालन सम्बन्धमा ।

३. सामाजिक सुरक्षा वापतको भत्ताहरु बैंक खाता मार्फत वितरण गर्ने सम्बन्धमा ।

४. आगामी बैठक बस्ने सम्बन्धमा ।

## निर्णयहरु

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस कार्यपालिकाको मिति २०७५/०९/०४ गतेको निर्णयानुसार यस नगरपालिकामा कार्यरत लेखापाल श्री देव कुमार यादवलाई आ.ब. २०७४/७५ र चालु आ.ब. ०७५/७६ को खर्च विवरण माग गरिएकोमा आज कार्यपालिकाको रोहबरमा निजले चालु आ.ब. २०७५/७६ को विभिन्न ब.उ.शि.नं.हरु मध्ये उपशिर्षक नं. ८०२१७४०१ को मात्र ख.शि.नं. अनुसारको खर्चको विवरण पेश गर्नुभएकोमा सोलाई हाल विचाराधिन राखी गत आ.ब. ०७४/७५ को पनि खर्च विवरण खर्च शिर्षक अनुसार पेश गर्न निजलाई २०७५/०९/०८ गते आइतबार बस्ने नगरकार्यपालिकको बैठकमा पेश गर्ने गरी समयावधि दिएकोमा निजले आज पेश गर्नु भएका खर्च विवरणहरु पुन: बिचाराधिन राख्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको सञ्चित कोष, विनियोजन, धरौटी तथा राजश्व सहितका विभिन्न खाताहरु सम्बन्धित बैंकबाट बैंक विवरणहरु लिई सोको प्रमाणित समेत गरी गराई विवरण अध्यावधिक गरी हाल यस नगरपालिकामा काजमा खटिई हाजिर हुनुभएका नि. प्रमुख प्रशासकीय अधिकृत श्री उमेश कुमार यादव र लेखा अधिकृत श्री जय कुमार राउतको संयुक्त दस्तखतबाट यस नगरपालिकाको सम्पूर्ण खाताहरु सञ्चालन गरिने भनी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र बैंकलाई पत्राचार गरी खाता सञ्चालन गर्ने भनी सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिका भित्र वितरण गरिने ज्येष्ठ नागरिक, वृद्ध, अपांग, दलित बालबालिका, विधवा, दलित ज्येष्ठ नागरिक, एकल महिला लगायतलाई नियमानुसार उपलब्ध गराइने विभिन्न सामाजिक सुरक्षाका भत्ताहरु सम्बन्धित ब्यक्तिहरुको खाता खोलाई बैंक खाता मार्फत निजहरुलाई भत्ताहरु वितरण गर्न तथा गराउने भनी सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरकार्यपालिकाको आगामी बैठक अर्को सूचना अनुसार बस्ने भनी सर्वसम्मतिले निर्णय गरियो ।